


# BOK SMART
## USER MANUAL

# सहज र सार्थक
# जीवनको यात्रामा
# खोजि असल बैंकिङ्ग सारथिको...



## एउटा असल बैंकिङ्ग सारथिबाट पाउनुहुन्छ

- कारोबारमा सहजता
- बचतमा सुरक्षा र लाभ
- सपनालाई योजना बनाउने प्रोत्साहन
- ATM, Bancassurance, Mobile Banking र Demat जस्ता आधुनिक सेवाबाट स्तरीय कारोबार

## एउटा असल बैंकिङ्ग सारथिको साथले हाम्रो जीवन सहज र समुन्नत बन्नेछ ।

**Bank of Kathmandu** मा हामी तपाईंको समृद्धिको कामना गर्दै तपाईंको जीवन सहज बनाउन आत्मीय र विश्वासिलो सेवा दिन सधै अग्रसर छौं । साथै एउटा प्रिय, सफल र बलियो बैंकिङ्ग साझेदारको रूपमा स्थापित बन्न हामी प्रतिबद्ध छौं ।

त्यही समयमा एउटा समाज निर्माणमा तपाईं र हामी बराबर भूमिका निर्वाह गरिरहेका हुन्छौं ।

## हाम्रो आग्रह

सहज जीवनको खोजीसँगै समृद्धिको संभावनालाई वास्तविकतामा परिवर्तन गर्न हाम्रो कुनै पनि शाखामा अवश्य पाल्नुहोला र एउटा असल साथीलाई झैं आफ्नो आवश्यकता र प्रश्नहरू राख्नुहोला अथवा हाम्रो सेवा तथा सुविधाका लागि हामीलाई सम्पर्क गर्नुहोला ।

**टोल फ्री नं. १६६ 001 000 ४९**

# Contents


| | |
|---|---|
| के हो BOK Smart भनेको? | 1 |
| BOK Smart कसरी प्राप्त गर्ने? | 2 |
| **GPRS Mode बाट एप चलाउने तरिका** | **4-11** |
| १. खाता विवरण हेर्ने तरिका | 5 |
| २. Fund Transfer (रकम स्थानान्तरण) | 6 |
| २.१. Internal Fund Transfer | 6 |
| २.२. Bank to Bank Transfer | 7 |
| २.३. Fund Transfer to Registered Mobile | 7 |
| ३. Payment (भुक्तानी) | 8 |
| ४. Demat | 9 |
| QUICK MENU | 10 |
| ▶ Smart Payment: | 11 |
| ▶ Scheduled Payment: | 11 |
| ▶ Favorite A/C: | 11 |
| ▶ Change password: | 11 |
| ▶ Logout: | 11 |
| **SMS Mode बाट एप चलाउने तरिका** | **12-15** |
| १. My Account | 13 |
| २. Request / Information | 13 |
| ३. Fund Transfer (रकम स्थानान्तरण) | 13 |
| ४. Payment (भुक्तानी) | 14 |
| QUICK MENU | 15 |

# कसरी सुरक्षित तरीकाले Mobile Banking चलाउने ?

- Official app मात्र चलाउनु होला ।
- App updated राख्नुहोला, हरेक Update सँगै नयाँ सुरक्षा विधि पनि update हुनेछ
- प्रयोग नगरेको समय log-out गर्नुहोला
- SMS मा प्राप्त Password बाट लगिन गरे पश्चात SMS Delete गर्नुहोला
- फोन सुरक्षित राख्नुहोला र भरपर्दो Password अथवा Pattern Lock राख्नुहोला । समय समयमा Password बदल्नुहोला
- Login/Transaction Password लेखेर नराख्नुहोला र Messenger बाट पठाउने नगर्नुहोला
- Custom Keybord/ theme हरु प्रयोग गर्दा तपाईंको सूचना चोरी हुने डर रहन्छ, त्यसैले प्रयोग नगर्नुहोला
- शंकास्पद SMS/ Alert आए नजिकैको शाखामा सम्पर्क गर्नुहोला
- True Caller/ Spam filter जस्ता एपहरूले BOK_ALERT/ 32655 बाट आउने SMS ब्लक गर्ने संभावना रहन्छ यस बारे सचेत रहनुहोला ।

**BOK Smart app** एउटा मात्र मोवाईलबाट log-in गर्न मिल्नेछ । अन्य मोवाईलबाट log-in गर्नु परेमा बैंकमा खबर गर्नुहोला ।

# के हो BOK Smart भनेको?

Bank Of Kathmandu ले तपाइँहरूको सहजतालाई ध्यानमा राखी बजारमा ल्याएको आधुनिक सेवा हो BOK Smart । यो सेवाको प्रयोग गरेर तपाइहरूले बैंकमा गरिने आधारभूत कार्यहरु जस्तै खातामा भएको रकम बुझ्ने, स्टेट्मेन्ट हेर्ने, क्रेडिट कार्ड बिल तिर्ने, अर्को खातामा पैसा हाल्ने तथा अन्य नन-बैंकिङ्ग कारोबार जस्तै मोबाइल रिचार्ज तथा इन्टर्नेट विल तिर्ने काम गर्न सक्नुहुनेछ ।






# कसरी BOK Smart प्राप्त गर्ने?




BOK Smart सेवा BOK मा खाता भएका हरेक ग्राहकहरूले प्रयोग गर्न सक्नुहुन्छ ।

यस सेवा प्रयोग गर्नका लागि ग्राहकले निम्न लिखित बुँदाहरु पालना गर्नुपर्नेछ:

- नजिकैको BOK शाखामा गई BOK Smart को रजिष्ट्रेसन फर्म भर्नुहोस्।
- तपाइँको फर्म स्विकृत भएपछि तपाइँले दिनुभएको मोबाइल नम्बरमा SMS बाट MPIN, GPRS Login Password र Tansaction Password आउने छ।

- MPIN भनेको SMS बाट कारोबार गर्न प्रयोग गरिने password हो ।
- GPRS Login Password भनेको एप चलाउने password हो ।
- Transaction Password भनेको internet बाट कारोबार गर्न प्रयोग गरिने password हो।

- Google Play Store या iOS App Store बाट BOK Smart नाम गरेको एप डाउनलोड गर्नुहोस् ।







## अब यस एपलाई तपाईले दुई मोडमा चलाउन सक्नुहुनेछ:

**१. Internet/GPRS mode**

**२. SMS mode**

## GPRS mode बाट एप चलाउने तरिका

चित्रमा जस्तै आफ्नो मोबाइल नम्बर र GPRS Login Password हालेर एपमा लगिन गर्नुहोस्।

- **username तपाईंको Mobile No. हो ।**




पहिलो पटक लगिन गरिसकेपछि तुरून्तै तपाईंले पासवर्ड बदल्नुपर्नेछ ।

नयाँ पासवर्ड देखिने ठाउँ तल दिइएको चित्रमा देखाइएको छ ।







पासवर्ड बदलिसकेपछि बदलिएको पासवर्ड हालेर लगिन गर्नुहोस् त्यसपछि Transaction Password पनि बदल्नु पर्नेछ । तल दिएको चित्रमा झै आफ्नो SMS मा प्राप्त भएको Transaction Password बदल्नुहोस् ।

Login गरिसकेपछि तपाई तलको home screen मा पुग्नुहुनेछ ।




अब तपाईले निम्न कामहरू गर्नु सक्नुहन्छ:

## १. खाता विवरण हेर्न

खाता विवरण हेर्न यस सुविधा प्रयोग गरि तपाइले विगत ९० दिनको आफ्नो खाताको क्रियाकलाप हेर्न सक्नुहुनेछ।



## २. Fund Transfer (रकम स्थानान्तरण)

यस सेवाको प्रयोग गरी तपाइले सोही बैंक वा लिस्टमा भएका अन्य नेपाली बैंकहरूमा रहेको खातामा रकम पठाउन सक्नुहुन्छ। साथै तपाइले सोही बैंकको Mobile Banking लिएका अन्य ग्राहकहरूको Mobile No. प्रयोग गरी उनीहरूको खातामा रकम पठाउन सक्नुहुनेछ।




## २.१ Internal Fund Transfer

I) Fund Transfer मा जानुहोस्।

II) Amount लेखिएको ठाउँमा पठाउनुपर्ने रकम हाल्नुहोस्।

III) कुन खाताबाट रकम पठाउने हो, त्यो खाता छान्नुहोस्।

IV) रकम पाउने ग्राहकको खाता नम्वर हाल्नुहोस्।

V) Transfer थिच्नुहोस् र Transaction Password हाल्नुहोस्।



## २.२ Bank to Bank Transfer




I) Fund Transfer भित्र Bank to Bank Transfer मा जानुहोस्।

II) Amount लेखिएको ठाउँमा पठाउने रकम हाल्नुहोस् ।

III) कुन खाताबाट रकम पठाउने हो, त्यो खाता छान्नुहोस् ।

IV) रकम पाउने ग्राहकको बैंक छान्नुहोस् र खाता नम्बर हाल्नुहोस् ।

V) Transfer थिच्नुहोस् र Transaction Password हाल्नुहोस्।

## २.३ Fund Transfer to Registered Mobile




I) Fund Transfer to Registered Mobile मा जानुहोस् ।

II) Amount लेखिएको ठाउँमा रकम हाल्नुहोस् ।

III) कुन खाताबाट रकम पठाउने हो, त्यो खाता छान्नुहोस् ।

IV) रकम पाउने ग्राहकको Registered Mobile No. हाल्नुहोस् र Transfer थिचि Transaction Password हाल्नुहोस् ।

## ३. **Payment** (भुक्तानी)

Payment Menu को प्रयोग गरी ग्राहकले विभिन्न सेवाको भुक्तानी गर्न सक्नु हुनेछ ।







यहाँ तपाईले उल्लेखित सेवा प्रयोग गर्न सक्नुहुन्छ ।

- **Merchant Payment** - Credit Card bill payment, Esewa Load




- **Recharge Card** -
  NT GSM
  NT PSTN Payment,
  NT GSM Postpaid,
  NT CDMA,
  DishHome Recharge, etc.

- **Topup**
  NT PSTN
  CDMA Prepaid Toup
  Dish Home CAS
  NCELL Topup
  SIMTV Topup
  Ncell Postpaid Topup
  Ncell Prepaid Topup




## ४. Demat

यहाँ तपाईंले आफ्नो म्फबत खाता विवरण हेर्न सक्नुहुनेछ ।









# QUICK MENU

यहाँ तपाइँले निम्न सुविधाहरू प्रयोग गर्न सक्नुहुनेछ।



## Smart Payment:

आफूले प्राय प्रयोगमा ल्याउने सेवा तथा भुक्तानीलाई ग्राहकले प्रयोग गर्दा save गर्न सक्नुहुनेछ। सो भुक्तानी smart payment मा देखिनेछ। फेरी सोही payment सेवा प्रयोगमा ल्याउँदा smart payment बाट सोझै payment गर्न सक्नुहुनेछ।

## Scheduled Payment:

यस मेनुमा गई ग्राहकले मिति तोकेर merchant payment अथवा fund transfer गर्न सक्नुहुनेछ । त्यसो हुँदा तोकिएको मितिमा system ले स्वयं तपाईंको भुक्तानी गर्नेछ ।

## FAVORITE A/C:

यस मेनुमा गई ग्राहकले आफ्नो favorite A/C थप गर्न सक्नुहुनेछ ।

## Change Password

## Logout

# SMS mode बाट एप चलाउने तरिका




SMS बाट mobile banking चलाउन, switch to SMS बटन थिच्नुहोस् ।




SMS mode मा पहिलो पटक जाँदा MPIN परिवर्तन गर्नुपर्ने हुन्छ ।

▶ PIN परिवर्तन भएको बारे SMS आउनेछ ।




परिवर्तीत MPIN हालेर Login गरेपछि तलको Menu मा पुग्नुहुनेछ ।

## यहाँ निम्न कार्यहरु गर्न सकिन्छ:

### १. My Account

My Account मा थिचि ग्राहकले निम्न लिखित जानकारी प्राप्त गर्न सक्नुहुनेछ।

A) Bank A/C बारे जानकारी
B) A/C Balance बुझ्न
C) Mini Statement
D) उपलब्ध Transaction Limit

उदाहरणको लागि A/C Balance बुझ्ने प्रक्रिया

१. My Account भित्र जानुहोस्
२. Balance Enquiry मा थिच्नुहोस्
३. Transaction Pin मागिने छ, हाल्नुहोस्
४. अब एकैचोटि तपाई आफ्नो SMS Dialogue Box मा पुग्नुहुनेछ SMS मा प्राविधिक भाषामा Command लेखिएको हुनेछ, केहि नगरी Send थिच्नुहोस्
५. SMS सफल भएको Screen मा देखिनेछ
६. SMS मा Balance विवरण आउने छ

२.




३.




४.



५.




६.



## २. Request /Information

Request Info Menu भित्र ग्राहकले Exchange Rate, Banking Hour बारे जानकारी प्राप्त गर्न सक्नुहुनेछ। साथै चेकबुक र स्टेट्मेन्टको माग पेश गर्न सक्नुहुनेछ।

## ३. Fund Transfer

यस मेनुमा गई ग्राहकले निम्न प्रकारका Fund Transfer को सुविधा उपयोग गर्न सक्नुहुनेछ।




- **Fund Transfer To Favorite A/C**
- **Internal Fund Transfer**
- **Bank to Bank Transfer**
- **Fund Transfer To Registered Mobile**

### ▶ FAVORITE A/C

यस मेनुबाट ग्राहकले आफ्नो favorite A/C मा fund Transer गर्न सक्नुहुनेछ ग्राहकले Settings मा गएर आफ्नो Favorite A/C save गर्न सक्नुहुनेछ ।

### ▶ INTERNAL FUND TRANSFER

यस मेनुबाट ग्राहकले सोही बैंकमा रहेको कुनै पनि खातामा रकम transfer गर्न सक्नुहुनेछ ।

### ▶ Bank to Bank Transfer

यस मेनुबाट ग्राहकले mobile banking अन्तर्गत लिस्टमा रहेको कुनै पनि बैंकको खातामा रकम transfer गर्न सक्नुहुनेछ ।

### ▶ To Registered Mobile

यस मेनुबाट ग्राहकले Bank of Kathmandu को Mobile Banking मा रजिस्टर भएको mobile number मा रकम transfer गर्न सक्नुहुनेछ ।

## ४. Payments

Payment Menu को प्रयोग गरी ग्राहकले Topup, Recharge card, eSewa Load, Internet Bill Payment जस्ता उल्लेखित सुविधा भुक्तानी गर्न सक्नुहुनेछ ।

# QUICK MENU

Quick Menu मा गएर ग्राहकले Balance Inquiry, Mini Statement, Mobile Topup जस्ता सुविधा प्रयोग गर्न सक्नुहुनेछ ।



बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.
*we make your life easier*

विस्तृत जानकारीका लागि नजिकैको शाखा कार्यालयमा वा
टोल फ्री नं. १६६ ००१ ००० ४९, फोन नं. ०१ ४४१४५४१,
०१ ४४३७१०६, मा सम्पर्क गर्नुहोला ।